प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
राप्ती उपत्यका (देउखूरी), दाङ

# लुम्बिनी प्रदेश कार्यालय

## प्राविधिक धार पढेका आवेदकको भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति: २०८२/०५/१८**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, लुम्बिनी प्रदेश कार्यालय बाट शैक्षिक सत्र २०८२/०८३ को लागि प्रकाशित भएको "डिप्लोमा/प्रमाणपत्र तहका विभिन्न कार्यक्रमहरुको योग्यताक्रम सूचीमा कुनै प्रशिक्षार्थी प्राविधिक धार ९-१० अध्ययन गरेकाले " प्रि-डिप्लोमा र डिप्लोमा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२" को परिच्छेद २ नियम ३ (१) (घ) अनुसार "प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत सञ्चालन हुने डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रमहरुमा प्रि-डिप्लोमा तह वा ९-१० प्राविधिक धार वा सो सरह उत्तीर्ण गरेकाहरुले आफूले अध्ययन गरेको कार्यक्रम अथवा सोही संकाय अन्तर्रगतको अन्य कार्यक्रममा समेत अध्ययन गर्न पाउने" भन्ने उल्लेख भएकोले ९-१० प्राविधिक धार पढेका आवेदकहरु अन्य संकायका कार्यक्रमहरुको नतिजामा Merit List/ Pass List मा रहेको खण्डमा त्यस्ता आवेदकहरुलाई भर्ना नगर्न/नगराउनु हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**निर्देशक**

ईमेल: ctevtprovince5@gmail.com, exam.ctevtp5@gmail.com, वेभ साइट: www.ctevtp5.org.np
फोन नं : ०८२-४२००७७